■ राजेन्द्र दाहाल

# माओवादी आन्दोलन, सरकार र नेपाली प्रेस*

देशमा करिब पाँच वर्षपहिले शुरु भएको सशस्त्र विद्रोह प्रजातन्त्र, नेपाली राजनीति र सुरक्षा निकायका लागि जस्तै नेपाली प्रेसका लागि पनि नयाँ किसिमको चुनौती भएको छ। नेपाली प्रेस भन्नाले २०४७ सालको संविधानले सुनिश्चित गरेको स्वतन्त्र प्रेसलाई नै सम्झनुपर्छ। उक्त प्रेस लगभग १० वर्षको मात्र भएको छ। यो अवधि "स्वतन्त्रता" खुसीयालीमै रमाएर बितेकाले यसले कुनै पनि जिम्मेवारी सतर्क र गम्भीर भएर निर्वाह गरेको छैन। माओवादी जनयुद्ध आतंककारी या राजनीतिक समस्या के हो? आर्थिक वा बाह्य समस्या अथवा विभिन्न परम्परागत र आधुनिक शक्ति केन्द्रबीचको द्वन्द्व के हो? भन्ने अन्यौल राजनीतिक दल तथा सरकारमा जस्तै हाम्रो प्रेसमा पनि कायमै छ। माओवादी समस्यालाई कसैले बेरोजगारी, कसैले पजेरो सँस्कृति, कसैले भ्रष्टाचार वा गरीबीको कारण देखाई परिभाषित गरेपनि कोही निष्कर्षमा पुग्न सकेका छैनन्। माओवादी आन्दोलनको प्रत्यक्ष प्रभाव काठमाडौं जस्ता शहरी क्षेत्र र सम्पन्न वर्गले प्रत्यक्षतः महसुस गर्नु नपर्दा धेरै समयसम्म 'जनयुद्ध', 'कथित' मै सिमित रह्यो। तर विस्तारै साथीभाई र चिने-जानेका मान्छेहरू पनि मारिने क्रम बढ्दै गई आतंक विभिन्न स्वरूपमा आफूसम्म (व्यक्तिगत वा सामूहिक रूपमा) आउन थालेपछि नेपाली प्रेस एकाएक "उदार" देखिन थालेको छ। यथार्थमा यो स्वाभाविक उदारता भन्दा पनि एक किसिमको त्रासबाट संकुचित हुन पुगेको हो। अहिले 'कथित' हटाएर 'जनयुद्ध' र 'भूमिगत' नभनेर 'माओवादी' लेख्न तथा भन्न थालेको छ। प्रेसमा माओवादी जनयुद्धलाई हेर्ने दृष्टिकोणमा सन्तुलन र संगति छैन। केवल परिस्थितिअनुरूप चलिरहेको छ।

एकताका माओवादी हिंसाको भर्त्सना वा आलोचनामात्र गर्ने प्रेसमा पनि एक-डेढ वर्षयता सरकार तथा प्रहरी दमनलाई बढाई-चढाई लेख्नेक्रम बढेको छ। माओवादीको आदर्श र परिवर्तनको चाहनाबाट नेपाली प्रेस र पत्रकारको विचार बदलिएका कारण यसो भएको होइन। माओवादी हिंसा व्यापक हुँदै गई दैनिक घटना जस्तो भएपछि राज्य नै बेसहारा र असहाय भएको स्थितिमा एउटा

* यो लेख *स्वतन्त्र अभिव्यक्ति* (सहस्राब्दी विशेषाक) पुस २०५७ मा पहिलो पटक प्रकाशित भएको हो।

पत्रकार वा नागरिकले किन जोखिम उठाउने भन्ने मानसिकताले काम गरेको छ। प्रेसले राज्य, प्रहरी, प्रशासन र राजनीतिक दललाई जति गाली र आलोचना गरेपनि, तिनले खासै कुनै हानि पु-याउन सक्दैनन्। तर माओवादीलाई गाली गरेर जोखिम किन उठाउने ? उनीहरू आलोचना खप्न तयार छैनन्। उदाहरणका लागि, करिब तीन वर्षअगाडि *देशान्तर* साप्ताहिकमा माओवादीबाट धादिङ जिल्लामा बाटो ढुकेर बैंकको पैसा लुटेको घटना एक किसिमको रहजनी हो भनेर छापिएको थियो। 'बाटो ढुकेर लुटपाट गर्ने कसरी आन्दोलन हुन सक्छ ? कुनै राजनीतिक दलले आदर्शबाट प्रेरित भएर यस्तो काम गर्दैनन्' भन्ने तर्क गरिएको थियो, त्यसमा। उक्त टिप्पणी प्रकाशित भएको एक-दुई हप्तापछि डा.बाबुराम भट्टराईको अन्तर्वार्ता एक साप्ताहिकमा छापिएको थियो। जसमा उनले गिरिजालाई हाल्न खनेको खाल्डोमा *देशान्तर*का सम्पादकलाई पनि हाल्नुपर्‍यो भनेका रहेछन्। अर्थात् सो टिप्पणी बाबुराम वा माओवादीका नेतालाई पाच्य भएन। गिरिजालाई खनेको खाल्डोमा *देशान्तर*का सम्पादकलाई पनि हाल्छौं भनेर उनलाई तिनले सीधै धम्क्याएका हुन्। तिनको आशय उनीहरूको खिलाफमा कोही, कसैले, केही नबोलोस् वा आलोचना नगरोस् भन्ने नै हो। यसबाट प्रेसलाई कसरी प्रभावित पारिँदै छ भन्ने अनुमान लगाउन सकिन्छ। यस्तै घटना र व्यवहारका कारण प्रेस माओवादी आन्दोलनबाट प्रत्यक्ष मारमा परेको छ। प्रेसलाई परेको मर्का पहिले त प्रेसले नै बताउँदैन। बताए पनि तिनको पक्षमा पार्टी र नेताहरू केही बोल्दैनन्। राज्य संयन्त्रबाट कुनै सहयोगको गुन्जायस छैन, उ आफैं निरीह छ।

त्यसैले प्रेस माओवादीका सवालमा अलिक खुम्चेको छ। प्रहरी र राज्यका विरुद्ध खुल्ला आलोचना भइरहेको छ। माओवादीका कामप्रति प्रेसको चित्त नबुझे पनि खुलस्त आलोचना हुन सकेको छैन। हालै भरतपुरमा घटेको गोलीकाण्डमा प्रहरीले बल प्रयोग गर्नु अनावश्यक थियो। यद्यपि उक्त काण्ड प्रहरी आफैंमा साधन सम्पन्न नभएकोले उसको असुरक्षित र त्रसित मनस्थितिको उपज थियो। त्यो घटनाको नागरिक समाज र प्रेसले व्यापक भर्त्सना गर्‍यो पनि। तर माओवादीले कालीकोटमा पाँचवटा पुल ध्वस्त पारेको र ११ जना प्रहरी मारेको घटनासम्बन्धमा न त नागरिक समाज बोल्यो न प्रेस। प्रहरीसँग माओवादीको लडाइ हुनसक्छ। तर पुलले के बिगारेका थिए ? कालीकोटमा माओवादीले आत्मसमर्पण गरिसकेका प्रहरीलाई मारेका थिए। उक्त घटना भरतपुरको जत्तिकै आलोचना र भर्त्सनायोग्य थियो। हुनत, लडाइहरूमा पुलहरू ध्वस्त पार्ने परम्परागत रणनीति भित्र पर्दछ। तर त्यो खालको लडाइ कससँग ? पुल ध्वस्त पारेर माओवादीलाई फाइदा बढी भयो कि स्थानीय बासिन्दालाई नोक्सान बढी भयो ? प्रहरी हेलिकप्टरबाट जान सक्दछन्। पुल ध्वस्त हुँदा १५ वटा गाविसहरूको नुन, तेल र बिरामी ल्याउने-लैजाने बाटो रोकिएको छ। माओवादीबाट भएका यस्ता कामका विरुद्ध प्रेसले प्रश्न उठाउन सकेको छैन।

यस्तै अर्को उदाहरण माओवादी समर्थित विद्यार्थी संगठनको आह्वानमा भएको स्कूल बन्दलाई लिन सकिन्छ। उनीहरूका मागका सम्बन्धमा प्रेसले राम्रोसँग प्रचार-प्रसार गर्‍यो र आन्दोलनकारीका अन्तर्वार्ता एवं लेख छाप्यो। 



तर जुन प्रकृतिका माग थिए तिनलाई पूरा गराउन अख्तियार गरेको बाटो जायज नभएको पक्षमा प्रेसले बहस चलाउन सकेन। देशभर करिब ५०-५५ लाख विद्यार्थी पढ्ने विद्यालय एक सातासम्म बन्द गर्दासमेत कुनै पनि विद्यार्थी, शिक्षक, संचालक समिति वा अभिभावकहरूले पूरा गर्न नसक्ने मागका सम्बन्धमा कुनै प्रेसले बोलेन।

स्कूल हड्तालको सवालमा सरकारले पनि केही बोलेन। सरकारले न स्कूल बन्द गर्न भन्यो, न नगर्न भन्न सक्यो। न सुरक्षा दिन्छु नै भन्न सक्यो। सरकार पूर्णतया निकम्मा सावित भयो। राजनीतिक दलले के गरे त ? नेपाली कांग्रेसले एक शब्द औपचारिक खण्डन गरेन भने समर्थन गर्ने कुरै भएन। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सात दिन विद्यालय बन्द भएको थाहै नपाएको नाटक गरी आफ्नो बहस लाउडा एअरको कथित भ्रष्टाचार र संविधान संशोधनमा केन्द्रित गर्‍यो। चुनाव सिद्धिएको दुई वर्ष नपुग्दै स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि संविधान संशोधनको मुद्दा कति प्राथमिकताको विषय थियो ? समस्या एकातिर छ, सबै अर्कोतिर फर्केर बसे। माओवादी आन्दोलन कहाँ पुगेर टुंगिन्छ, लक्षमा पुग्छ कि पुग्दैन, मुलुक र जनताले कति दुःख या सुख पाउँछन्, कसैलाई सरोकार छैन। चाखलाग्दो कुरा, माओवादी आन्दोलनलाई एमालेले मालेलाई, मालेले कांग्रेसलाई, कांग्रेसले एमालेलाई वा कांग्रेसकै एउटा गुटले अर्को गुटलाई विरोध या समर्थनमा प्रयोग गर्ने गरिरहेका छन्। तर राष्ट्रिय मूलधारका प्रायः सबै राजनीतिक दल उल्टै माओवादीबाट प्रयोग भएका छन्। मौका पर्नासाथ एउटाले अर्को राजनीतिक दललाई फुटाउन, जुटाउन र तर्साउन माओवादी आन्दोलनलाई प्रयोग गर्न पछि पर्दैनन्।

यस्तो अवस्थामा प्रेसले प्रेरणा लिनेहरूमा बौद्धिक जगत, बुद्धिजीवी र नागरिक समाज हुन्। दुर्भाग्य, देशका बुद्धिजीवीहरू राजनीतिक विचारको आधारमा वामपन्थी, प्रगतिशील र प्रजातन्त्रवादी बुद्धिजीवी भनेर ट्रेड युनियन जस्तै बाँडिएका छन्। यी बुद्धिजीवीहरूमा प्रेसले दिएकोभन्दा बढी सूचना दिने, विश्लेषण गर्ने र अध्ययन तथा अनुसन्धान गर्ने क्षमता र रुचि छैन। माओवादी समस्याका सम्बन्धमा सरकार, राजनीतिक दल र माओवादीसमक्ष समान रूपमा तर्कहरू राख्न सक्ने बुद्धिजीवीको देशमा खाँचो छ। वार्ताको पहल तथा मध्यस्थताको अवस्था आएमा माओवादीले पत्याएकाप्रति सरकारको र सरकारले पत्याएकाप्रति माओवादीको विश्वास भएका मानिसको अभाव छ। यस्ता समस्यासँग मुकाविला गर्न सक्ने अर्को अङ्ग नागरिक समाज हो। तर अहिले नागरिक समाजको अर्थ विदेशी सहयोग ल्याएर चलेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था नै बुझ्नु पर्ने स्थिति छ। यिनको जनमतको आधार नै भेटिँदैन। यस्तो अवस्थामा प्रेसले कसको सहारा लिने ? फलतः सिंगो मुलुक झैं प्रेस पनि माओवादी आन्दोलनका सम्बन्धमा अन्यौलमा छ। प्रेस अन्यौलमा हुनु भनेको, जनता आतंकित र भयभित हुनु भनेको, सिंगो मुलुक त्रसित हुनु हो।

माओवादी आन्दोलनको बिस्तारसँगै उनीहरूलाई प्रत्यक्ष सहयोग पुऱ्याउने तथा खुलेर समर्थन गर्ने पत्रपत्रिकाहरू प्रकाशित भइरहेका छन्। शान्ति सुरक्षाको स्थिति अत्यन्त खस्केका केही जिल्लाहरूबाहेक अन्यमा आम नागरिकले

त्यस्ता पत्रपत्रिकाहरू स्वतन्त्र र खुल्लमखुल्ला पढ्न पाई पनि रहेका छन्। माओवादी समर्थित पत्रपत्रिका प्रकाशन गर्नेलाई भने लुकिछिपी काम गर्नु परेको हुन सक्छ। प्रकाशनका क्रममा तिनलाई विभिन्न पक्षबाट हतोत्साही तुल्याउने काम भएको पनि छ। राज्यले कानुन तथा नियम बनाएर पारदर्शी ढंगबाट कुनै पनि प्रेसमाथि संविधानअनुसार मात्र कारवाही गर्नुपर्ने हो। तर सरकार पनि त्यसो गरिरहेको छैन। परिणामत: सरकारले जनमत र जनविश्वासको आधारमा शासन गर्ने आफ्नो 'लेजिटिमेसी' नै गुमाउँदै गइरहेको छ। मूल कुरा जनताको निम्ति यो अत्यन्तै ठूलो दुर्भाग्य हो।

सरकारले अप्ठ्यारोमा परेर अँध्यारोमा पत्रिकाको कम्प्युटर लुट्ने, सम्पादकलाई थुन्ने, पत्रकारलाई बेपत्ता पार्ने, झुठा आरोप लगाउने, रिस उठेको पत्रिका तहसनहस पार्ने कार्य र माओवादीले बाटो ढुकेर पैसा लुट्नुमा कुनै फरक छैन। यस्ता कार्यले माओवादीलाई बाटो ढुकेर पैसा लुट्दा राजनीतिक फाइदा नभएजस्तै सरकारलाई पनि मद्दत पुऱ्याउँदैन। बरु यसले माओवादीप्रति नै झुकाव बढाइदिन्छ। पञ्चायतकालमा अञ्चलाधीशले पत्रिकाको एउटा अङ्क जफत गर्दा अर्को अङ्क र एउटा पत्रिका बन्द गर्दा अर्को पत्रिका प्रकाशन भएजस्तो परिस्थिति सृजना हुन्छ। त्यसैले प्रेस स्वतन्त्रताको सुरक्षा राज्यले नभई कानुनले गर्नुपर्छ। कानुनहरूको कार्यान्वयन हुनुपर्छ। प्रेसलाई कानुनले बचाउँछ र राज्यले कानुनको पालना र मर्यादा गर्छ भन्ने अनुभूति हुनुपर्छ।

अहिले प्रहरीले वा माओवादीले प्रेसलाई पिटे, कुटे, धम्क्याए सुरक्षा दिने कोही छैन। किनभने यस्ता 'केस'हरू अदालत पुग्नै दिइँदैन र पुगे पनि अदालतलाई दुवै पक्षले टेर्दैनन्। फलत: प्रेस स्वतन्त्रता क्रमश: कुण्ठित हुँदै गइरहेको छ। सरकार बलियो भए सरकारबाट र माओवादी बलियो भएमा माओवादीबाट कुण्ठित हुने क्रम बढ्दो छ। यसतर्फ सबै राजनीतिक दल, प्रेस र प्रेससँग सम्बन्धित मान्छेहरू सचेत हुनुपर्ने समय आएको छ। कानुनको दायरा नाघ्ने उपर कानुनत: मात्र कारवाही हुने स्थिति सिर्जना गर्नतिर ध्यान दिनु पर्छ। यदि कसैले निराधार आरोप लगाएमा प्रहरी वा माओवादीले कसैलाई थर्काउने तथा थुनछेक गर्ने नभई समाचारप्रति आफ्नो टिप्पणी छाप्न लगाउनु पर्छ। नेपाली प्रेसका सामु स्वतन्त्रता कुण्ठित हुने मात्र नभई सान्दर्भिकता हराएर जाने चुनौती पनि देखा परेका छन्। प्रेसले जिम्मेवार भएर लेखेपनि, जतिसुकै विसंगति देखाएपनि राज्यले नसच्याए र समाजले स्वीकार नगरे सान्दर्भिकता गुमाएको मान्नुपर्छ। मनपरी लेख्न पाउने र सही समाचार लेख्दा पनि दोषीले सजाय नपाउने वातावरण रहिरहनुलाई चुनौती ठान्नुपर्दछ।

प्रेसलाई किन थुन्ने र पत्रिका जफत किन गर्ने ? गलत समाचार छापिएमा खण्डन छाप्न लगाउनु पर्छ। नछापेमा प्रेस काउन्सिलमा जान सकिन्छ। एकपक्षीय प्रचार गरेको आरोपमा मुद्दा लिएर अदालतमा जान सकिन्छ। माओवादीले पनि सरकारी प्रेसमा आफ्नो अंश रहेको दाबी गर्दै समाचार छाप्न वा प्रसार गर्न दबाब दिनुपर्छ। सरकारले पनि सन्तुलित समाचार आउने वातावरण तयार गर्नुपर्छ। तर व्यवहारमा ठीक उल्टो भइरहेको छ र नेपाली प्रेसमाथि धेरै पक्षबाट आक्रमण भइरहेको छ। ■